आ.व. २०८०।०८१ — बैठक नं. १७।०८०।०८१

बैठक:- नगर कार्यपालिका बैठक — मिति:-२०८१।०३।२० गते

अध्यक्षता:- नगर प्रमुख **सन्तोष लाल श्रेष्ठ** — स्थान:- ता.न.पा मिनिहल

समय:- अपरान्ह ४.०० बजे

तानसेन नगर कार्यपालिकाको बैठक तानसेन नगरपालिकाका नगर प्रमुख **श्री सन्तोष लाल श्रेष्ठ** ज्युको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

## उपस्थिति

| उपस्थिति | नाम थर | पद | ठेगाना | कार्यपालिका |
|---|---|---|---|---|
| | श्री सन्तोषलाल श्रेष्ठ | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष |
| | श्री प्रतिक्षा सिंजाली | नगर उपप्रमुख | ता.न.पा. ४ | सदस्य |
| | श्री यादव सिंह कार्की | वडा अध्यक्ष (प्रवक्ता) | ता.न.पा.११ | सदस्य |
| | श्री सुनिल कुमार वस्याल | वडा अध्यक्ष | ता.न.पा. १ | सदस्य |
| | श्री महेश्वर श्रेष्ठ | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य |
| | श्री बाबुरत्न शाक्य | वडा अध्यक्ष | ता.न.पा ३ | सदस्य |
| | श्री हेमन्तराज शाक्य | वडा अध्यक्ष | ता.न.पा. ४ | सदस्य |
| – | श्री राम बहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य |
| | श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य |
| | श्री प्रदिप खनाल | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य |
| – | श्री सोमनाथ अर्याल | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य |
| | श्री राजेश कुमार अर्याल | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य |
| | श्री हिमलाल पंगेनी | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य |

CamScanner

| | | | |
|---|---|---|---|
| श्री मेजर सिंह केसी | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य |
| श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य |
| श्री शोभाकर भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य |
| श्री लक्ष्मी नेपाल | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| श्री मन्जु वि.क | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| श्री सविता भट्टराई | कार्यपालिका सदस्य | ता.न.पा. २ | सदस्य |
| श्री पुजा रावल | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| श्री लक्ष्मी विश्वकर्मा | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| श्री दिनेश गन्धर्व | कार्यपालिका सदस्य | ता.न.पा. ६ | सदस्य |
| श्री सजय घले | कार्यपालिका सदस्य | ता.न.पा. ४ | सदस्य |
| श्री अनु रामदाम | कार्यपालिका सदस्य | ता.न.पा. १० | सदस्य |
| श्री हरिराम नागिला | प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा.का | सचिव |

श्री मान बहादुर कार्की - कि.वी.वडा अध्यक्ष
श्री डिल्ल बहादुर थापा क्षेत्री कि.वी.वडा अध्यक्ष-८

**निर्णय नं. १**

तानसेन नगरपालिकाबाट नगरवासीलाई उपलब्ध गराउनुपर्ने सेवा प्रवाहको सम्बन्धमा छलफल गरियो, प्राप्त सुझावहरुलाई नियमित कार्यान्वयन गर्दैजाने निर्णय गरियो ।

**निर्णय नं. २**

तानसेन नगरपालिकाको आ.व. ०८०।०८१ का देहायका योजनाहरु हालसम्म कार्यान्वयनको चरणमा रहेको र यस आर्थिक वर्ष भित्र कार्य सम्पन्न हुन नसक्ने देखिदा उक्त योजनाहरुको वजेट सहित आ.व. ०८१।०८२ मा दायित्व सार्ने निर्णय गरियो ।

- श्रीनगर शौचालय
- नगर सभाहल
- नगर मिटिङ्ग हल
- ता.न.पा. ४ को कार्यालय भवन
- ता.न.पा. वडा नं. ११ को वड्डा भवन
- औधोगिक ग्राम निर्माण कार्य
- पोलधारा आँपटारी सडक
- सल्लेरीदेखि रावल टोल हुदै धुनाघाट जोड्ने सडक

**निर्णय नं. ३**

तानसेन नगरपालिकाको आवधिक योजना तर्जुमाको सम्बन्धमा परामर्शदाता संस्थाबाट स्थानीय योजना तर्जुमा दिग्दर्शनको दफा २.७ मा तोकिएका विषय विशेषज्ञहरुको संलग्नता र दफा २.५ को कार्यतालिका तथा जिम्मेवारी अनुसारका प्रक्रियाहरु पुरा गरी नगरपालिकाबाट प्रदान गरिएको सुझावको आधारमा दीर्घकालिन सोच, ध्येय, लक्ष्य, उद्देश्य, रणनीति, क्रियाकलाप, बजेट र अनुगमन तथा मूल्यांकन फ्रेममा आधारित तथा नगरपालिकाको मध्येकालीन खर्च संरचनामा समेत मिलान हुनेगरी आवधिक योजनाको अन्तिम दस्तावेज तयार गरी पेश गर्न लगाउने र सोही अनुसारको दस्तावेज प्राप्त भएमा सम्झौतामा उल्लिखित रकममा ३० प्रतिशत कमी गरी भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

आ.व. ०८०।०८१ को तेश्रो चौमासिकको सार्वजनिक सुनुवाई मिति २०८१।३।३१ गते दिनको १.०० वजे आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

तानसेन नगरपालिकाको स्थानीय पाठ्यक्रम पूर्खाको नासो हाम्रो तानसेन निर्माण भई शैक्षिक सत्र २०७८ देखि कार्यान्वयनमा आएको र पठनपाठनका लागि सन्दर्भसामग्री विकास गरी विद्यार्थीहरुलाई उपलब्ध गराउन नगर कार्यपालिकाको मिति २०७९/०३/२८ गतेको बैठकको निर्णयबाट तानसेन नगरपालिका वडा नं ८ का वडा अध्यक्ष श्री सोमनाथ अर्यालज्यूको संयोजकत्वमा समिति गठन भई समितिको निर्णय अनुसार देहायका विज्ञ व्यक्तिहरुलाई तपसिल बमोजिमका विषयक्षेत्रको जिम्मेवारी दिएकोले चालु आ.व.को निसर्त कार्यक्रमतर्फ विनियोजित रु. ४०००००। वजेट मध्यबाट निजहरुलाई क्षेत्रगत रुपमा पारिश्रमिक वापत प्रति क्षेत्र २५०००। (करसहित) भुक्तानी दिने निर्णय गरियो ।

| क्र.सं. | विषयक्षेत्र | जिम्मेवारी | कैफियत |
|---|---|---|---|
| १ | तानसेन नगरपालिकाको परिचय | मन कुमारी गहिरे | |
| २ | पर्यटन र तानसेन | कपिल कुँवर | |
| ३ | पेशा, व्यवसाय र प्रविधि | तीर्थप्रसाद गौतम | |

निर्णय प्रमाणित गरौं

२०८१।३।२८

| | | | |
|---|---|---|---|
| ४ | कला र सम्पदा | तीर्थप्रसाद गौतम | |
| ५ | संस्कृति र संस्कार | डा.शंकरप्रसाद गैरे र शोभाकर न्यौपाने | |
| ६ | स्वास्थ्य, सरसफाइ र खेलकुद | देवीप्रसाद भट्टराई | |
| ७ | नैतिक मूल्य र जीवनोपयोगी सिपहरु | बुद्धिप्रसाद शर्मा | |
| ८ | व्यक्ति र व्यक्तित्व परिचय | भेषराज सुवेदी | |
| ९ | भाषा सम्पादन | डा.शंकरप्रसाद गैरे | |

**निर्णय नं. ६**

जिल्ला मालपोत कार्यालयको आ.व. ०८१।०८२ को न्युनतम् रजिष्ट्रेशन मुल्याङ्कनको दररेट माग गरेकोमा तानसेन नगरपालिका भित्रको जग्गाको मुल्याङ्कनको दर सम्शोधन नगरी आ.व.०८०।०८१ दररेट कायम गरी मालपोत कार्यालय पाल्पामा सिफारिस गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ७**

Australian Aid को सहयोगमा तानसेन नगरपालिकामा २ जना Volunteer माग गर्नको लागि सिफारिस गरि पठाउने निर्णय गरियो ।

**निर्णय नं. ८**

तानसेन नगरपालिका वडा नं. १४ को रनुवा खानेपानी योजना गत वर्ष शुरु भई यस आ.व. मा सम्पन्न भएकोले गत वर्ष दायित्व सरी आएको योजनामा समावेश गरी भुक्तानी दिने निर्णय गरियो ।

निर्णय प्रमाणीकरण।

२०८१।३।२०

२०८१।३।२०

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख